# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

२०७४

पत्र संख्याः- २०७८।०७९
चलानी नम्बरः- ४८४

प्रदेश नं. २, नेपाल
मिति ........२०७८।०८।२८...

विषयः- कोभिड-१९ बिरुद्धको खोप अभियानलाई प्रभावकारी बनाउने सम्वन्धमा ।

**श्री वडा कार्यालय सबै**
**कविलासी नगरपालिका, सर्लाही ।**
**श्री स्वास्थ्य संस्था सबै,**
**कविलासी नगरपालिका, सर्लाही ।**

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७८।०७९ च.नं.१८८ मिति २०७८।०८।२६ तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.२०७८।०७९ च.नं.DAC-110 को कोभिड-१९ विरुद्धको खोप अभियानलाई थप प्रभावकारी बनाउन समन्वयका लागि प्राप्त अनुरोध पत्र यसैसाथ संलग्न छ । अतः पत्रानुसारको व्यहोरा अवगत गरी कोभिड-१९ विरुद्धको खोप अभियानलाई थप प्रभावकारी वनाउन आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनु हुन अनुरोध छ ।

२०७८।०८।२८

..............................
गिरीश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**
श्रीमान् प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।
श्रीमान् उप प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।

**बोधार्थ :**
श्री सूचना प्रविधि शाखा, कविलसी नगरपालिका (Web site मा Upload गरिदिनु हुन ।)

इमेल ठेगानाः- kabilasimun@gmail.com
वेबसाईटः- www.kawilasimun.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

पत्र संख्या:-२०७८/७९
चलानी नं.:- ९८८

मितिः २०७८/०८/२६

विषयः कोभिड-१९ विरुद्धको खोप अभियानलाई प्रभावकारी बनाउने सम्बन्धमा।

श्री गाउँपालिका/नगरपालिका (सबै)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको च.नं. DCA 110, मिति २०७८/०८/२१ को कोभिड-१९ विरुद्धको खोप अभियानलाई थप प्रभावकारी बनाउन समन्वयका लागि प्राप्त अनुरोध पत्र यसैसाथ संलग्न छ। अतः पत्रानुसारको व्यहोरा अवगत गरी कोभिड-१९ विरुद्धको खोप अभियानलाई थप प्रभावकारी वनाउन आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनु हुन आदेशानुसार अनुरोध छ।

(कृष्णप्रसाद हुमागाई)
शाखा अधिकृत

बोधार्थ:
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, रामशाहपथ, काठमाण्डौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै:- आवश्यक समन्वयको लागि।
श्री सूचना तथा प्रविधी शाखा:- वेभसाईटमा अपलोड गरिदिनुहुन।

२५१

नेपाल सरकार

८।२९ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

☎०१-४२६२५४३
४२६२५९०
रामशाहपथ काठमाण्डौं

पत्र संख्या: २०७८/०७९
चलानी: DAC-110

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मिति: २०७८/०८/२१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २५०३
दर्ता मिति:- ८/२९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

**विषय: कोभिड-१९ विरुद्धको खोप अभियानलाई प्रभावकारी वनाउन समन्वय सम्वन्धमा ।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ माघ १४ देखि कोभिड-१९ विरुद्धको खोप अभियान निरन्तर रुपमा सञ्चालन गर्दै आएको र २०७८ पुस मसान्तसम्म लक्षित जनसंख्याको ६६ प्रतिशत र २०७९ वैशाख मसान्त सम्म लक्षित जनसंख्या सवैलाई खोप लगाउने लक्ष्य राखेको व्यहोरा अनुरोध छ । सो अनुसार हालसम्म लक्षित जनसंख्याको ४७ प्रतिशतलाई पहिलो मात्रा र ४१ प्रतिशतलाई दोश्रो मात्रा खोप लगाइ सकिएको छ। कोभिड खोप अभियानलाई प्रभावकारी एवं द्रुत गतिमा अगाडि वढाई निर्धारित लक्ष्य हासिल गर्न तहाँ मार्फत सवै स्थानीय तहहरुलाई तपसिल वमोजिम गर्न गराउन समन्वयका लागि पत्राचार गरिदिनुहुन नेपाल सरकार (नि.सचिवस्तर) मिति २०७८।०८।२१ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

- आगामी खोप अभियानलाई प्रभावकारी बनाई सवैको पहुँचमा खोप उपलब्ध गराउन ।
- खोप उपलब्धताको आधारमा कम प्रगती र छुट भएको जनसमुदायलाई प्राथमिकतामा राखी १८ वर्ष र सो माथि सवै उमेर समूहका व्यक्तिहरुलाई खोप दिन खोप अभियान सञ्चालनको व्यवस्था र अनुगमन ।
- खोप अभियान सञ्चालन गर्दा समुदाय, टोल र वस्तीहरुको पहुँच सुनिश्चित गरी आवश्यक मात्रामा थप खोप केन्द्रहरुको व्यवस्था ।
- जनसंख्या तथा खोप छुटको आधारमा जिल्ला/ घना जनसंख्या भएका शहरी क्षेत्रमा रहेका अस्पताल/स्वास्थ्य संस्थाहरुवाट नियमित खोपको रुपमा यो खोप निरन्तर प्रदान गर्ने व्यवस्था एवं अनुगमन ।
- खोप सञ्चालन स्थान, अवधी र लक्षित वर्ग वारे स्थानीय रेडियो एफ.एमवाट प्रभावकारी रुपमा सूचना प्रसारणको व्यवस्था र अनुगमन।
- स्थानीय तह तथा वडाहरुमा खोपको पहुँच कम भएको समुदाय र स्थानको पहिचान र खोप उपलब्ध गराउन विशेष कार्यक्रम सञ्चालन साथै आवश्यकताको आधारमा प्रचार प्रसार र माइकिङ्ग ।
- सामाजिक सञ्जालका साथै गैर सरकारी संघ संस्थावाट खोप सञ्चालन स्थान, अवधी र लक्षित वर्ग वारे निरन्तर सूचना प्रवाह ।
- विभिन्न सार्वजनिक स्थल (सरकारी कार्यालय, संघ संस्था आदि), अन्तराष्ट्रिय सीमानाकाहरुवाट भित्रिने वाहिरिने स्थानहरुमा समेत १८ वर्ष माथिका सवै नागरिकहरुले कोभिड-१९ विरुद्धको खोप अनिवार्य लिनुपर्ने सूचना प्रवाहको व्यवस्था र अनुगमन ।
- अन्य विभिन्न माध्यमवाट कोभिड-१९ विरुद्धको खोपको वारेमा वहस पैरवी, समन्वय, सहजीकरण र अनुगमन ।

रुपा वि.क
शाखा अधिकृत

कपिलवस्तु नगरपालिकाको कार्यालय
कपिलवस्तु, तौलिहवा
दर्ता नं.: 607
दर्ता मिति: २०७८।०८।२६